संवत् २०७५ सालको ऐन नं. .........

# प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : प्रदेश नं. ५, प्रशासकीय कार्यविधि नियमित गर्नको लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदि तर्जुमा गरी लागू गर्नका लागि अधिकार दिन वाञ्छनीय भएकोले,

प्रदेश नं. ५, प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नियम बनाउने प्रदेश सरकारको अधिकार** : (१) आर्थिक, प्रशासनिक लगायतका प्रदेश सरकारका सबै कार्यहरु सुचारु रुपले सम्पादन गर्न र विभिन्न मन्त्रालय तथा कार्यालयहरुले अपनाएका सबै प्रशासकीय विषयका कार्यविधि नियमित गर्नका लागि प्रदेश सरकारले आवश्यक ठानेको विषयमा नियम, निर्देशिका, कार्यविधि, मापदण्ड आदि बनाउन सक्नेछ।

(२) उपदफा (१) अन्तर्गत बनाइएका नियम, निर्देशिका, कार्यविधि, मापदण्डले प्रशासकीय कार्यविधि सम्बन्धी प्रचलित प्रदेश कानूनलाई खारेज गर्न अथवा संशोधन गर्न सक्नेछ।

३. **<u>बचाउ</u>** : यस ऐन जारी हुनुपूर्व भए गरेका कामहरु यसै ऐन बमोजिम भएको मानिनेछ।